जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ११६ २०७८ साल मंसिर १६ गते बिहीबार (2 Dec. 2021 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : विवाहपञ्चमीमा रेल ... ३ पृष्ठमा : वैदेशिक व्यापार ६५ ... ३ पृष्ठमा : यात्रा प्रतिबन्ध मात्र समाधान ...

# सप्तरीबाट सूचना आयोगमा २९ वटा उजुरी



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
सूचनाको हक सम्बन्धी कानुन बमोजिम सूचना नदिएको भन्दै सप्तरीबाट सूचना आयोगमा २९ वटा उजुरी परेको छ ।

बुधबार राजविराजमा आयोजित सूचनाको हक सम्बन्धी अन्तरक्रियामा राष्ट्रिय सूचना आयोगका सचिव भागिरथ पाण्डेले सो जानकारी दिँदै आयोगको तथ्याङ्क हेर्दा पुनरावेदनका लागि आउनेहरूको संख्या वर्षेनि बढिरहेको बताए ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्बन्धित कार्यालयका सूचना अधिकारी समक्ष निवेदन दिएर सूचना माग्न सकिने प्रावधान रहदा रहदै त्यसो नपाइएपछि आएको उजुरीमाथी कारवाही गरिएको आयोगका सचिव पाण्डेले प्रष्ट पारे ।

सूचना अधिकारीले नदिए त्यसको सात दिनभित्र कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्ने व्यवस्था छ । ऐनले दिन मिल्ने भनेको सूचना कार्यालय प्रमुखले समेत नदिए सूचना आयोगमा पुनरावेदन गर्न सक्ने प्रावधान छ ।

सूचनाको हक सम्बन्धी ऐनमा सूचना अधिकारी वा कार्यालय प्रमुखले मुनासिव कारण विना सूचना नदिए रु. १ हजारदेखि रु. २५ हजारसम्म जरिवाना र विभागीय कारवाही तथा ढिला गरेमा प्रतिदिन रु. २०० का दरले जरिवाना हुने व्यवस्था छ ।

सो कार्यक्रममा नेपाल पत्रकार महासँघ सप्तरी अध्यक्ष श्रवण कुमार देवले सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरिए पनि सुचना सहज रूपमा पाउन नसकेको गुनासो गरे ।

राष्ट्रिय सूचना आयोगका आयुक्त रत्न प्रसाद मैनालीले सूचना प्रणालीलाई नागरिक सम्म पहुँच पुऱ्याउनु पर्नेमा जोड दिए । उनले जिल्लास्थित सबै सार्वजनिक निकायका सूच्ना अधिकारीले सूचना लिन आउनेलाई सहज रुपमा सूचना उपलब्ध गराउनु पर्नेमा बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादव, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम लगायत विभिन्न कार्यालयका प्रतिनिधी तथा संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

# एमाले अधिवेशनमा सहभागि भएका सदाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
हालै चितवनमा सम्पन्न नेकपा एमाले महाधिवेशनमा सहभागी भएका सप्तरीको सुरुङ्गा नगरपालिका ३ का ३३ वर्षीय भगलु सदाको मृत्यु भएको छ । गाउँको नेताहरूसँग उनी चितवन गएका थिए ।

भगलुको शव पाँच दिनपछि मंगलबार बेलुका घर ल्याइएको थियो । उनको दुवै खुट्टा भाँचिएको अवस्थामा छ । महाधिवेशनकै दिन गाडीले ठक्कर दिएपछि घाइते भएका उनको उपचारको क्रममा मृत्यु भएको उनीसँगै गएका स्थानिय एक एमाले नेताले बताए ।

दुर्घटनाको बारेमा परिवारलाई कुनै जानकारी नदिई राति नै शव जलाउन खोजेका थिए, तर राष्ट्रिय दलित मुक्ति जागरण अभियानकाका सदस्यरूले विरोध गरेपछि रोकिएको स्थानियले बताए ।

यता पीडित परिवारले घटनाको सत्यतथ्य छानबिन गरर दोषीलाई कारबाही, क्षतिपूर्तिको व्यवस्था र सहिद घोषणा नभएसम्म शव नजलाउने अडान लिइरहेका छन् ।

वैदेशिक रोजगारका लागि कतार जान सदाको भिसा आइसकेको थियो । घरमा एक जना मात्र कमाउनेको त्यसरी शंकास्पद मृत्यु भएपछि उनको परिवार बिचल्लीमा परेको छ । भगलुका श्रीमती, एक छोरा र दुई छोरी छन् ।

# उद्योगी व्यवसायीहरुसँग खाद्य स्वच्छता सम्बन्धि गोष्ठी सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
खाद्य उद्योगी व्यसायीहरुसँग खाद्य स्वच्छता तथा गुणस्तर अभिबृद्धि सम्बन्धि एक दिने गोष्ठी राजविराजमा बुधबार सम्पन्न भएको छ ।

खाद्य पदार्थमा बढ्दो मिसावट र गुणस्तरहीनतालाई नियन्त्रण गरी खाद्य स्वच्छता तथा गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजद्वारा आयोजित कार्यक्रममा सप्तरीका २५ जना उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

सो गोष्ठीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले उद्योग पूर्वाधारका आधारहरु, असल उत्पादनको अभ्यास, लेबलिङ्ग एण्ड प्याकेजिङ्ग तथा खाद्य ऐन २०२३ तथा खाद्य नियमावली २०२७ का मुख्य प्रावधान समेटिएर कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा राजविराज नगरपालिका वडा नम्बर ८ का वडाअध्यक्ष जयनारायण मण्डल, पत्रकार राजु विश्वकर्मा लगायतले कार्यपत्र माथि टिप्पणी गर्दै खाद्य स्वच्छतामा जोड दिए ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# एड्स कम गर्ने जनचेतना बढाउनुपर्नेमा जोड

सप्तरी, १५ मङ्सिर (रासस)।

'असमानता हटाऔँ, एड्स अन्त्य गरौँ' भन्ने नाराका साथ बुधबार राजविराजमा ३४औँ विश्व एड्स दिवस मनाइएको छ। र्‍यालीसहित राजविराज नगरपरिक्रमा गरे पश्चात् आयोजित अन्तर्क्रियमा एड्स दिवसलाई प्रभावकारी बनाउन समुदाय तहमा जनचेतना बढाउनुपर्नेमा वक्ताले जोड दिनुभएको छ।

जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले एड्स सङ्क्रमितलाई फरक दृष्ट्रिकोणले हेर्न र असमान व्यवहार गर्न नहुने बताउनुभयो। सही औषधिको प्रयोग र नियमित जाँचबाट एचआइभी सङ्क्रमण भएको व्यक्ति पनि अब स्वस्थ व्यक्ति सरह वर्षौं एड्स नभइ बाँच्न सक्ने बताइएको छ।

एआरटी थेरापी लिएमा एड्स सङ्क्रमितले पनि सामान्य व्यक्ति सरह जीवनयापन गर्नसक्ने यादवले बताउनुभयो। सप्तरीमा आर्थिक वर्ष २०७५/७६ मा ५९.९३, २०७६/०७७ मा ४६.८६ र ०७७/०७८ मा ४३.३३ प्रतिशत गर्भवती महिलाले मात्र एड्स जचाएको स्वास्थ्य कार्यालयको तथ्याङ्क छ।

शतप्रतिशत गर्भवती महिलाले जचाउँनुपर्नेमा जचाउँने महिलाको प्रतिशत कम भइरहेकामा सरोकारवालाले चिन्ता प्रकट गर्नुभयो। पोजिटभ आएको सङ्ख्या भने क्रमशःबढदै गएको छ। एचटिसी कार्यक्रमअन्तर्गत २०७५/७६ मा ११, २०७६/७७ मा १२ र २०७७/७८ मा ३२ जनाको रिपोर्टिङ्ग हुनु डरलाग्दो कुरा भएको स्वास्थ्य कार्यालयले जनाएको छ।

जोखिमयुक्त क्षेत्र खोज्नु र तोक्नुपर्ने भन्दै सहयोगी समाजका कोर्डिनेटर पदम लामिछाने क्षेत्रीले एआरटिले शरीरमा एचआइभीको सङ्ख्यालाई नियन्त्रणमा राखी शरीरको रोग प्रतिरोधात्मक शक्तिलाई सामान्य राख्न र एड्सको अवस्थामा पुग्नबाट बचाउने काम गर्ने बताउनुभयो। चिकित्सकसँग सल्लाह र एआरटी सेवालाई निरन्तरता दिनुपर्नेमा क्षेत्रीले जोड दिनुभयो।

प्राणघातक र पापकर्मका कारण नभइ एड्स सङ्क्रमितको रगत कुनै कारणले अन्य व्यक्तिमा पुग्दा सङ्क्रमित हुने जनाउँदै महिला सचेतना समाजकी सुनिता साहले अगालो मार्ने, एउटै रुमालको प्रयोग गर्ने वा जुठो खाँदैमा एचआइभी सङ्क्रमण नसर्ने बताउनुभयो।

असुरक्षित यौनसम्पर्क, एउटै सुई प्रयोग गरेमा, राम्ररी सफा नगरिएको सामानले टाटु गरेमा यो रोग सर्न सक्ने जानकारी दिँदै उहाँले नियमित चिकित्सकसँगको जाँच र औषधिको सेवनले सङ्क्रमितले सामान्यजीवन बिताउनसक्ने बताउनुभयो। सन् १९८८ देखि प्रत्येकवर्ष डिसेम्बर १ तारिखमा यो दिवस मनाउने गरिन्छ।

एचआइभी र एड्ससम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाका लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै जनचेतना जगाउन दिवस मनाउने गरिएको निलहिरा समाजका रामप्रकाश चौधरीले बताउनुभयो। दिगो विकास लक्ष्यअन्तर्गत नेपालले सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने लक्ष्य राखेर एचआइभी रोकथाम, उपचार र हेरचाह कार्यक्रम सञ्चालन गर्दै आएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विवाहपञ्चमीमा रेल चढ्ने रहर अधुरै

महोत्तरी, १५ मङ्सिर (रासस)।

विवाहपञ्चमी नजिकिनासाथ भङ्गाहा नगरपालिका-४ पलार बस्तीकी सियानकीदेवी बाँतरलाई रेल चढेर जनकपुर जाने रहर जाग्छ। पछिल्ला दुई दशकयता आफ्नो ठाउँको रेल सेवा चल्न छाडेपछि उहाँको यो रहर पूरा हुन सकेको छैन। "घरबाट पैदल १० मिनेटको दूरीमा रेल स्टेसन (हाल भङ्गाहा-५ सिद्धपुर बस्ती, बिजलपुरा रेल स्टेसन) थियो, हामी कुनै वर्ष मेला भर्न छुटाउँदैनथ्यौँ", ४५ वर्षीया बाँतरले २०५७ सालसम्म रेल चढेर विवाहपञ्चमी हेर्न जाने गरेको विगत सम्झँदै भन्नुभयो, "२०५८ सालको बर्खामा बिग्ही पुल धसिएपछि रेल सेवा बन्द भएसँगै त्यसयता म मेला भर्न जनकपुर गएकी छैन।" पछिल्ला तीन वर्षयता चाँडै रेल चल्ने कुरा सुन्नुभएका उहाँ सुनेको साँचो नहुँदा आफ्नो रेल चढेर विवाहपञ्चमी उत्सव हेर्न जाने रहर अधुरै रहेको बताउनुहुन्छ।

सियानकीदेवी मात्र नभएर सो बस्तीका अगुवा चौठी सर्दार बाँतर पनि रेल चल्न छाडेपछि विवाहपञ्चमी मेला हेर्ने रहर दबाएर राखिएको बताउनुहुन्छ। चाँडै रेल चले एकपटक अझै चढेर रामजानकी विवाह महोत्सव हेर्ने रहर ७५ वर्षीय चौठीको छ। महोत्तरीसहित आसपासका जिल्लामा जनकपुरमा आयोजना हुने विवाहपञ्चमी उत्सव खास सांस्कृतिक पर्वका रूपमा मानिँदै आइएको छ। यस सांस्कृतिक उत्सवमा सहभागी हुन केही दिन पहिले नै घरको कामको चाँजो मिलाउने प्राचीन मिथिलाको चलन छ। "किशोर, युवा र अधेड (४० - ६० वर्षसम्म) मात्र नभई हिँडडुलमा सहारा नै चाहने वृद्धवृद्धा पनि विवाहपञ्चमी मेला हेर्न जान्थे", प्राचीन मिथिलाको उत्सव परम्परा नजिकबाट नियाल्नुभएका मैथिल संस्कृतिविद् कामेश्वर झा भन्नुहुन्छ, "मेला हेर्न रेल चढेरै जनकपुर जाने कुरा सबैका लागि रमाइलो मानिन्थ्यो।" पछि २०५२ सालमा सशस्त्र जनयुद्ध प्रारम्भ भएपछि मेला जाने भीड पातलिँदै गएर २०५८ मा जनकपुरबाट पश्चिम चल्ने रेल चल्न छाडेपछि भने विवाहपञ्चमीको 'क्रेज' घट्दै गएको ७० वर्षीय झाको अनुभव छ। अबको पछिल्लो पुस्ताले पुराना सांस्कृतिक उत्सवबारे चासो कम गरेपछि यहाँ विवाहपञ्चमी चर्चा पनि निकै पातलिएको बलवा नगरपालिका-१० धमौराका झाका अन्य समवयको ठम्याइ छ।

धनुषा, जनकपुरधाम उपमहानगरपालिकाबाट पश्चिम लागेपछि शुरु हुने महोत्तरी जिल्लाका हालका लोहारपट्टी, बलवा, भङ्गाहा र औरही नगरपालिका क्षेत्रका बस्तीमा दुई दशकअघि जनकपुरबाट पश्चिम बिजलपुरा स्टेसन (अन्तिम रेल स्टेशनलाई बिजलपुरा भनिन्थ्यो) सम्म चल्ने रेल नै एक मात्र यातायातको साधन थियो। अरू बेला दिनको एकपटक चल्ने सो रेल विवाहपञ्चमी मेलाका बेला चारपाँच दिनसम्म भने तीनपटक आउने-जाने र खचाखच मान्छे भरिने दृश्य अझै आँखामा नाचिरहेको औरही, भोइल बस्तीका ७० वर्षीय मोहन महतो बताउनुहुन्छ।

पछिल्ला तीन वर्षदेखि फेरि रेल सेवा चल्ने चर्चा सुन्दा लोहारपट्टी नगरपालिका, खुट्टा बस्तीकी रामरती सदालाई पनि एकपटक रेल चढेर विवाहपञ्चमी मेला हेर्न जाने धोको छ। अब चाहिँ रेल चढ्न पाइने भइयो भनेर फुरुङ्ग पर्नुभएका सदाको रहर चर्चाको 'हल्ला' भित्रै हराएको छ। भारतको जयनगरदेखि धनुषा, जनकपुरको कुर्थासम्म 'रेल लिक' तयार भएर २०७४ विवाहपञ्चमीमै रेल सेवा शुरु हुने चर्चा निकै बाक्लो चलेको थियो। "तेसुर अगहनमें विवाहपञ्चमी मेलामें जयनगर सऽ कुर्थातक रेल चलवा'क स्वरगुल मच्चल छल" (परार मङ्सिरमै जयनगरबाट कुर्थासम्म रेल चल्ने निकै चर्चा थियो) सदाले भन्नुभयो, "मुदा चाइर साल सऽ चलल चर्चा चर्चेमें समटागेल" (तर चार वर्षदेखिको यो चर्चा अझै रुमलिएको छ)।

विसं २०७४ को अन्त्यतिर जयनगरबाट कुर्थासम्मको ३४ किलोमिटरमा निर्माण सम्पन्न भएको रेल मार्ग अहिले विस्तार भएर महोत्तरीको बिजलपुरासम्म तयार भएको छ। अहिले बिजलपुरा स्टेसनदेखि जयनगरसम्मको ५१ किमी दूरीमा लिक तयार भएर सेवा सञ्चालन गर्न सकिने भए पनि विभिन्न अड्चनले अझै रेल चल्ने अनिश्चित नै छ। "लिक तयार छ, रेलका इञ्जिन र डब्बा किनेर ल्याई दुई वर्षदेखि त्रिपाल ओढाएर राखिएका छन्", लोहारपट्टी-४ खुट्टाटोलका राजनीतिक कार्यकर्ता नागेन्द्र चौधरी भन्नुहुन्छ, "कानुन नभएर रेल नचलेको भनिन्छ, बुझ्नै सकिन्न, लिक बन्यो, रेल किनियो, चलाउने कानून चैँ किन अल्झेको होला ?" जयनगरदेखि बिजलपुरासम्मको मार्ग तयारीसँगै भारतबाट किनेर ल्याइएको इञ्जिन र यात्रु बस्ने डब्बा दुई वर्षदेखि धनुषाको इनरवा स्टेसनमा थन्केर रहेकामा रेल सञ्चालन गर्नेतर्फ प्रदेश र केन्द्र सरकारको तदारुकता नपुगेको सामाजिक अभियानकर्मी चौधरीको बुझाइ छ।

जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किमी दूरीमध्ये जयनगरदेखि कुर्थासम्म पहिलो खण्डमा लिक निर्माण भई २०७५ सालको विवाहपञ्चमीताका नै रेल सेवा चलाइने भनी त्यतिखेर रेल विभागका अधिकारीले बताए पनि सञ्चालन हुन सकेन। त्यसयता दोस्रो खण्ड कुर्थादेखि बिजलपुरा स्टेसनसम्मको १७ किमी दूरीमा अब लिक तयार भइसके पनि सेवा सञ्चालनको अत्तोपत्तो केही नदेखिएको लोहारपट्टी, बलवा र भङ्गाहा नगर क्षेत्रका सर्वसाधारण बताउँछन्।

जयनगरबाट बिजलपुरा स्टेसनसम्म रेल सञ्चालन हुनासाथै महोत्तरीका लोहारपट्टी, भङ्गाहा र बलवा नगरपालिका र पिपरा गाउँपालिकाका कृषि उपज सोझै भारतीय बजारमा पुर्‍याउन सकिने यहाँका किसानले आश सँगालेका छन्। "हामीकहाँ मौसमी र बेमौसमी तरकारी लगाइन्छ, हामी राम्रो बजार नपाएर हैरान भएका छौँ", बलवा-१० धमौराका किसान हासिम कवारी भन्नुहुन्छ, "रेल सेवा शुरु भएपछि हाम्रो तरकारी सोझै जनकपुर र जयनगर पुर्‍याउन सकिने छ, हाम्रो दुग्ध उत्पादनले पनि राम्रो बजार पाउनेछ।"

रेल सञ्चालन हुनाका साथै आफ्नो नगरपालिकाका सबैजसो बस्तीका बासिन्दाको भारतीय बजार जयनगरसँग सिधा सम्पर्क हुने लोहारपट्टीका नगर प्रमुख शैलेन्द्र यादवको भनाइ छ। "हाम्रो नगरका त सबैजसो बस्ती कुर्था, पिपराढी र लोहारपट्टी रेल्वे स्टेसन वरिपरि नै छन्", मेयर यादवले भन्नुभयो, "रेल सेवा सञ्चालन भएमा यहाँको फसलले जनकपुरदेखि जयनगरसम्मका बजार पाउँछन्, किसानको जीवनस्तर सुध्रिन्छ।" भङ्गाहा नगर क्षेत्रका सबै बस्ती र बर्दिबास नगरपालिकाका पशुपतिनगर र प्रेमनगर पनि बिजलपुरा स्टेसन नजिकका बस्ती हुँदा जयनगरदेखि बिजलपुरासम्म रेल सञ्चालन भएमा यहाँका किसानको सक्रियता बढ्ने भङ्गाहाका नगर प्रमुख सञ्जीवकुमार साह बताउनुहुन्छ।

जयनगर-बर्दिबास रेल विस्तार योजनामध्ये पहिलो खण्ड (जयनगर-कुर्था) र दोस्रो खण्ड (कुर्था- बिजलपुरा) को ५१ किमीमा लिक ओछ्याउने, स्टेसन भवन बनाउनेसहितका निर्माण भएका छन्। तेस्रो खण्ड (बिजलपुरा-बर्दिबास) को १८ किमी दूरीभित्र भने कामको सुरसार नै छैन। सो खण्डभित्र रेल विस्तार योजनामा परेका जग्गाको मुआब्जा प्रक्रिया टुङ्गिन ढिलाइ हुँदा काम बढ्न नसकेको रेल विभागले जनाउँदै आएको थियो। यसपालि गत भदौमा यस खण्डको साबिक बर्दिवास गाविस क्षेत्र (हाल बर्दिबास-१, २ र १४) को मुआब्जा निर्धारण सरकारले गरेपछि अब काम अघि बढ्ने आश पलाएको छ। यद्यपि यसै खण्डको साबिक भङ्गाहा-३ र ४ (हाल भङ्गाहा-४) र साबिक किसाननगर गाविस (हाल बर्दिबास-६ र ७) को मुआब्जा सरकारले २०७६ मै निर्धारण गरे पनि कुनै जग्गाधनीले हालसम्म पाउन रीतपूर्वकको दाबी भने गरेका छैनन्।

खासमा बर्दिबासको निर्धारण नहुँदासम्म अझै मुआब्जा रकम बढ्ने आश पालेका जग्गाधनीहरू अब बर्दिबासको मुआब्जा निर्धारण भएर सोको पुनरवलोकन नहुने सरकारले प्रष्ट्याइसकेपछि दाबीको क्रम चल्ने अड्कल गरिएको छ। "निर्धारित मुआब्जा जग्गाधनी लिन आए कि आएनन् भन्ने कुराले अब निर्माण रोकिन पर्दैन" महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने भन्नुहुन्छ, "हामीले रेल विभागलाई निर्माणसम्बद्ध काम र प्रक्रिया अघि बढाउन भनिसकेका छौँ।"

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले जयनगरदेखि बिजलपुरासम्मको रेल सेवा यसै वर्ष (२०७८) भित्र सञ्चालन भइसक्ने जनाउनुभएको छ। सेवा सञ्चालनका लागि आवश्यक कानुन तर्जुमा गरी अध्यादेशमार्फत जारी गरेर तत्काल रेल चलाइने तयारी अघि बढेको मन्त्री यादवको भनाइ छ। "हामीले यही आउने विवाहपञ्चमीमै रेल चलाउने तयारी गरेका थियौँ", जनकपुरमा मङ्गलबार सञ्चारकर्मीसँग मन्त्री यादवले भन्नुभयो, "तर केही कानूनी अड्चन नखुल्दा त्यो तयारी पूरा हुन सकेन, यस वर्षभित्र चैँ रेल सेवा चल्छ।" सेवा सञ्चालनका लागि अध्यादेश जारी गर्न सबै प्रकिया मिलाइसकिएको उहाँको भनाइ छ। पहिलो र दोस्रो खण्डमा यसै वर्ष सेवा सञ्चालनसँगै नयाँ वर्ष लागेसँगै तेस्रो खण्डको निर्माणले गति लिने मन्त्री यादवको कथन छ।

भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेलवे विस्तारको काम सन् २०१४ (विसं २०७०तिर) मा शुरु गरिएको हो। विसं १९९४ जुद्धशम्शेरका पालामा शुरु भएको बिजलपुरा-जनकपुर-जयनगर ५१ किमी रेलमार्ग विसं २०५८ मा बाढीले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि जनकपुर-जयनगर २९ किमीमा सीमित भएको थियो। त्यसअघि चन्द्रशम्शेरका पालामा विसं १९८४ मा रक्सौल-अमलेखगञ्ज रेलसेवा( पहिलो रेलसेवा) सुरु भएको थियो। जनकपुर-जयनगर रेलमार्गमा पनि स्तरोन्नतिको काम शुरु गरिएसँगै विभागले विसं २०७० मै रेल सेवा बन्द गराएको थियो। राष्ट्रिय महत्वको यो रेल विस्तार आयोजना सन् २०१९ भित्रै सम्पन्न गरी सकिने प्रारम्भिक लक्ष लिइए पनि यसबीचका राजनीतिक उतारचढाव, भेलबाढी र जग्गा मुआब्जा निर्धारणमा भएको ढिलाइले समयमा काम सम्पन्न गर्न नसकिएको रेल विभागले जनाउँदै आएको छ।

# सुन र नगदसहित दुई युवक पक्राउ

सिरहा, १५ मङ्सिर (रासस)।

प्रहरीको टोलीले सिरहाको लहान नगरपालिका-७ बाट ५० ग्राम सुन र रु ५४ हजार नगदसहित दुई युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको खड्क नगरपालिका-११ निवासी २५ वर्षीय तौहिद आलम र सप्तरीकै बोदे वर्साइन नगरपालिका-६ निवासी २५ वर्षीय मो.समिम अख्तर रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवै जनाको साथबाट प्रहरीले रु तीन लाख ९१ हजार ८०३ मूल्य बराबरको ५० ग्राम सुन र रु ५४ हजार नगद बरामद गरेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक डा तपन दाहालले जानकारी दिनुभयो।

इलाका प्रहरी कार्यालय लहानबाट खटिएको टोलीले स८प ६०७७ नंको मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा दुवै जनालाई सुन र नगदसहित पक्राउ गरेको उहाँले बताउनुभयो।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

जनकपुर, १५ मङ्सिर (रासस)।

जनकपुर-ढलकेबर खण्डअन्तर्गत धनुषाको महेन्द्रनगरमा बुधबार बिहान मोटरसाइकल दुर्घटना हुदाँ एक युवकको मृत्यु भएको छ।

काठमाडौँबाट ज१२प ५२२५ नंको मोटरसाइकलमा घर फर्किने क्रममा मोटरसाइकल दुर्घटना हुँदा

बाँकी तीन पृष्ठमा

# वैदेशिक व्यापार ६५ प्रतिशतले वृद्धि

काठमाडौं, १५ मङ्सिर (रासस)।

चालु आर्थिक वर्षको पहिलो चार महिनामा मुलुकको वैदेशिक व्यापार ६५ दशमलव ४५ प्रतिशतले वृद्धि भएको छ।

गत आवको सुरुको चौमासिकमा रु चार खर्ब ४२ अर्ब ६९ करोड दुई लाख ४२ हजार रहेको मुलुकको वैदेशिक व्यापार चालु आवको सो अवधिमा रु सात खर्ब ३२ अर्ब ४१ करोड ८६ लाख आठ हजार पुगेको छ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कानुसार गत आवका तुलनामा आयात ६१ दशमलव ५७ प्रतिशतले बढेको छ। गत आवको पहिलो चार महिनामा रु चार खर्ब दुई अर्ब ४९ करोड एक लाख ७८ हजार मूल्य बराबरको आयात भएकामा चालु आवको कात्तिक मसान्तसम्म रु छ खर्ब ५० अर्ब २९ करोड ४३ लाख १३ हजार पुगेको छ।

त्यस्तै गत आवको पहिलो चौमासिकका तुलनामा चालु आवको निर्यात १०४ दशमलव २९ प्रतिशतले बढेको छ। गत आवको पहिलो चौमासिकमा रु ४० अर्ब दुई करोड ६४ हजारको निर्यात भएकामा चालु आवको समीक्षा अवधिमा रु ८२ अर्ब १२ करोड ४२ लाख ९५ हजारको निर्यात भएको छ।

विभागका अनुसार चालु आवको कात्तिकसम्म व्यापार वृद्धि भए पनि मुलुकको व्यापार घाटा ५६ दशमलव ८३ प्रतिशतले बढेर रु पाँच खर्ब ६८ अर्ब १७ करोड १८ हजार पुगेको छ। गत आवको पहिलो चार महिनामा व्यापार घाटा रु तीन खर्ब ६२ अर्ब २९ करोड एक लाख १३ हजार थियो।

गत आवको पहिलो चौमासिकसम्म कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ९२ प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ३४ प्रतिशतले घटेर चालु आवमा ८८ दशमलव ७९ प्रतिशतमा आएको छ। त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २३ दशमलव ४८ प्रतिशतले बढेको छ। गत आवको कात्तिक मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा नौ दशमलव ०८ रहेकामा चालु आवमा ११ दशमलव २१ प्रतिशत पुगेको छ।

चार महिनाका अवधिमा नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ। चालु आवको पहिलो चार महिनामा रु ३४ अर्ब ३३ करोड २१ लाख ९७ हजार बराबरको डिजेल आयात भएको देखिन्छ। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ।

नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनःनिर्यात गर्दै आएका छन्। चालु आवको पहिलो चार महिनामा करिब १७ करोड लिटरभन्दा बढी भटमासको तेल रु २७ अर्ब २२ करोड ७१ लाख ९५ हजार मूल्य बराबरको आयात भएको छ। त्यस्तै टेलिफोन रु २० अर्ब ३५ करोड ८६ लाख १६ हजार, पाम आयल रु १९ अर्ब १७ करोड ५७ लाख २८ हजार र पेट्रोल रु १८ अर्ब ६६ करोड ६५ लाख ९४ हजारको आयात भएको विभागले जनाएको छ। नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ।

विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कानुसार स्वदेशबाट रु २६ अर्ब ४० करोड ११ लाख एक हजार मूल्य बराबरको भटमासको तेल निर्यात भएको छ। व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ। सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि हो।

सार्वजनिक विवरणानुसार चालु आवको पहिलो चार महिनामा रु १९ अर्ब दुई करोड ३० लाख ९० हजार मूल्य बराबरको पाम तेल निर्यात भएको छ। रु तीन अर्ब ९३ लाख १७ हजार बराबरको गलैंचा तथा रु दुई अर्ब ३१ करोड ५५ लाख ७८ हजार मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ।

विभागको विवरणानुसार सबैभन्दा धेरै वीरगन्ज नाकाबाट रु दुई खर्ब २३ अर्ब ९० करोड ५० लाख ७४ हजार मूल्य बराबरको आयात तथा भैरहवा नाकाबाट रु एक खर्ब छ अर्ब ४८ करोड ८३ लाख ३० हजार र त्रिभुवन विमानस्थल नाकाबाट रु ८१ अर्ब ७० करोड ९१ लाख ५६ हजार बराबरको वस्तु आयात भएको छ।

त्यस्तै नेपालले निर्यातमा वीरगन्ज भन्सारबाट रु ३९ अर्ब ५६ करोड ३४ लाख ५० हजार, विराटनगर भन्सारबाट रु २२ अर्ब ५१ करोड ४७ लाख ५२ हजार तथा त्रिभुवन विमानस्थल नाकाबाट रु ११ अर्ब ७५ करोड ४१ लाख ३५ हजार बराबरको वस्तु विदेश निर्यात गरेको छ।

# पहिलोपटक गोला प्रक्रियाबाट पेसी, कसको इजलासमा कति मुद्दा ?

काठमाडौं, १५ मङ्सिर (रासस)।

नेपालको न्यायालयको इतिहासमा पहिलोपटक सर्वोच्च अदालतमा गोला प्रक्रियाबाट बुधबारदेखि मुद्दाको पेसी तोकी सुनवाइ प्रारम्भ भएको छ। सर्वोच्च अदालतको नियमावली संशोधन गरी पहिलोपटक गोला तानेर इजलास गठन गर्ने र गोला तानेर नै मुद्दाको सुनवाइमा भाग लिने अभ्यास प्रारम्भ भएको हो।

उक्त प्रक्रियाबाट सर्वोच्च अदालतमा ११ वटा इजलास गठन भएका छन्। तीमध्ये संयुक्त नौवटा र एकल दुईवटा इजलास गठन भएका छन्।

**कुन न्यायाधीशका इजलासमा कस्ता मुद्दा छन् ?**

न्यायाधीशहरू हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको संयुक्त इजलासमा सबैभन्दा कम एक थान मुद्दा छ। उहाँको इजलासमा मिलापत्रको आदेश संशोधन गरी पाऊँ भन्ने कृष्णबहादुर तामाङको मुद्दा परेको छ। न्यायाधीश अनिलकुमार सिन्हा र कुमार रेग्मीको संयुक्त इजलासमा सबैभन्दा बढी ४३ थान मुद्दामा पेसी तोकिएको छ। जसमा बन्दीप्रत्यक्षीकरण, अंश, फैसला बदर, हर्जाना क्षतिपूर्ति दिलाई पाऊँ, किचलो मेटाई हक कायम, अपुताली हक कायमजस्ता मुद्दाहरू परेका छन्।

न्यायाधीशहरू दीपककुमार कार्की र टंकबहादुर मोक्तानको संयुक्त इजलासमा १६ थान मुद्दामा पेसी तोकिएको छ। त्यसमा बन्दी र अन्य विविध खालका मुद्दाहरू रहेका छन्। न्यायाधीशहरू हरिकृष्ण कार्की र सुष्मालता माथेमाको संयुक्त इजलासमा २८ थान मुद्दाको पेसी परेको छ।

न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ र बमकुमार श्रेष्ठको संयुक्त इजलासमा १५ थान मुद्दा, न्यायाधीशहरू डा आनन्दमोहन भट्टराई र डा मनोजकुमार शर्माको संयुक्त इजलासमा १५ थान मुद्दा, न्यायाधीशहरू अनिलकुमार सिन्हा र कुमार रेग्मीको संयुक्त इजलासमा सबैभन्दा बढी ४३ थान मुद्दामा पेसी तोकिएको छ।

न्यायाधीशहरू प्रकाशमान सिंह राउत र हरिप्रसाद फुयाँलको संयुक्त इजलासमा १७ थान मुद्दा, न्यायाधीशहरू सपना प्रधान मल्ल र प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासमा १९ थान मुद्दा, न्यायाधीशहरू तेजबहादुर केसी र नहकुल सुवेदीको इजलासमा २० थान मुद्दामा पेसी तोकिएको छ।

त्यस्तै, एकल इजलासहरूमा न्यायाधीश मीरा खड्काको एकल इजलासमा १६ थान र न्यायाधीश कुमार चुडालको एकल इजलासमा १५ थान मुद्दामा गोला प्रक्रियाबाट पेसी तोकिएको छ। ११ इजलासमा २१७ मुद्दा सुनवाइका लागि पेसी तोकिएको छ।

**गोला प्रक्रियामा कसरी तोकिन्छ पेसी ?**

सर्वोच्च अदालतमा यसअघि प्रधानन्यायाधीशले पेसी तोक्ने कानूनी व्यवस्था थियो। बुधबारदेखि त्यो प्रक्रियाको अन्त्य भएर गोलाप्रक्रियाबाट पेसी तोक्न सुरु गरिएको छ।

"गोलाप्रक्रियामा सर्वोच्च अदालतमा मुख्य रजिष्ट्रारले साप्ताहिक रूपमा पेसी तयार गरी शुक्रबार प्रकाशन गर्नुहुन्छ," सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालले भन्नुभयो, "मुद्दाको प्रकृतिअनुसार छुट्याएको हुन्छ, बिदामा कति न्यायाधीशहरू रहने, एकल, संयुक्त र बृहत् कति इजलास गठन गरिन्छ त्यसै बमोजिम हुन्छ।"

प्रवक्ता दाहालका अनुसार कुन कुन न्यायाधीश कुन इजलासमा पर्ने भन्ने कुरामा पहिला गोला टिपिन्छ। उपस्थित सबै न्यायाधीशहरूले गोला तान्नुहुन्छ। दुईवटा मात्र एकल इजलास हुने भएकाले अ र आ भनेर सङ्केत गरिएको छ। बाँकी गोला खाली राखिन्छ। दुई न्यायाधीश त्यहाँ रहनुहुन्छ। बाँकी न्यायाधीशहरूको संयुक्त इजलासका लागि तय गरिन्छ।

"जोर गतेका लागि १ देखि १० सम्म वरिष्ठ न्यायाधीशले गोला तान्नुहुन्छ, र बाँकी कनिष्ठ न्यायाधीश गोलाबाटै लिनुहुन्छ"- उहाँले थप्नुभयो, "बिजोर गतेका दिन जुनिएर मध्येको सिनियर न्यायाधीशहरूले गोला तान्नुहुन्छ र गोलाबाट सिनियर न्यायाधीश तान्नुहुन्छ।"

यो प्रक्रियामा थैलीमा मुद्दाका लागि क देखि क्रमशः मुद्दाअनुसार गोलाहरू राखिएको हुन्छ। संयुक्त इजलासका न्यायाधीशहरू एकले गोला तान्नुपर्ने हुन्छ र सुनवाइ प्रारम्भ हुन्छ।

श्रीलङ्का, युरोपेली मुलुकहरूमा अटोमेसन (स्वचालित) प्रणालीको प्रयोग भएको छ। नेपालमा पनि सर्वोच्च अदालतमा न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनमा अटोमेसनकै कुरा छ। अटोमेसन लागू नभएसम्मका लागि गोलाप्रक्रियाबाट पेसीको व्यवस्थापन र सुनवाइ गरिएको हो।

**स्वच्छ सुनुवाइको राम्रो अभ्यास हो : वरिष्ठ अधिवक्ता डा ज्ञवाली**

वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीका अनुसार अटोमेसन प्रणाली सुरु नगर्दासम्म गोलाप्रक्रियाबाट इजलास र मुद्दाको पेसी तोक्दा स्वच्छ सुनुवाइ हुन्छ। "प्रधानन्यायाधीशले मुद्दाको व्यवस्थापनबाट टाढा नै रहनुपर्छ भन्ने सिद्धान्त नै छ। विश्वका धेरै मुलुकमा अटोमेसनको अभ्यास छ" उहाँले भन्नुभयो,"न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनमा अटोमेसनबाटै गर्नुपर्ने छ तर उक्त प्रक्रियाको प्रारम्भ नभएसम्म गोलाप्रक्रियाबाट मुद्दाको स्वच्छ सुनुवाइको राम्रो अभ्यास हो।

नेपाल बार एसोसिएसनले मङ्गलबार प्रेस विज्ञप्तिमार्फत गोलाप्रक्रियाबाट इजलास र पेसी व्यवस्थापन गर्ने कार्यको स्वागत गरेको छ। यद्यपि, कतिपय बारमा आवद्ध कानून व्यवसायीले पनि गोलाप्रक्रिया नै स्वच्छ सुनुवाइको उचित मार्ग होइन भनेका छन्।

प्रधानन्यायाधीशहरूसहित सर्वोच्च अदालतका न्यायाधीशहरूको यही मङ्सिर ८ गते बसेको पूर्ण बैठक (फुलकोर्ट) ले बुधबारदेखि गोलाप्रक्रियाबाट पेसी तोकी मुद्दाको सुनुवाइ गर्ने निर्णय गरेको थियो।

### *मोटरसाइकल ...*

मोटरसाइकल चालक धनुषाको कमला नगरपालिका-३ लगमा निवासी २३ वर्षीय विजय मोरबैता यादवको मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर घाइते यादवलाई तत्काल उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पताल ल्याउने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## विश्व समाचार

### यात्रा प्रतिबन्ध मात्र समाधान होइन : विश्व स्वास्थ्य संगठन

जेनेभा, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

हालै अफ्रिकामा देखिएको भनिएको कोरोना भाइरसको ओमिक्रोन नामक भेरियन्टको नियन्त्रणका लागि यात्रा प्रतिबन्ध मात्र समाधान नभएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले जनाएको छ।

कोरोनाभाइरसको ओमिक्रोन भेरियन्टले विश्वभरि नै सङ्क्रमणको उच्च जोखिम बढाउने भन्दै चेतावनी यसअघि पनि विश्व स्वास्थ्य संगठनले दिँदै आएको छ।

यो भेरियन्ट अफ्रिकामा देखिएको भनेपछि सो भाइरसको नियन्त्रणका लागि विश्वका कतिपय देशले अफ्रिकी देशसँगको यात्रामा प्रतिबन्ध लगाएका छन्।

विश्व स्वास्थ्य सङ्गठनले यो भेरियन्टले विश्वका केही क्षेत्रमा नराम्रो प्रकारले असर गर्न सक्ने र गम्भीर परिणाम निम्त्याउन सक्ने भन्दै यसबाट बच्नका लागि जन स्वास्थ्यका मापदण्ड अपनाउन बताउँदै आएको छ।

विश्व स्वास्थ्य सङ्गठनका निर्देशक टेड्रोस आधनाम गेब्रिएससले यो नयाँ प्रजातिबाट बच्नका लागि पनि विश्वका देशलाई स्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गर्नुभएको हो।

उहाँले गरिब देशमा खोपको व्यवस्था गर्न, सबै नागरिकमा खोप सर्वसुलभ बनाउन पनि माग गर्नुभयो। यो नयाँ भेरियन्ट यसै महिनाको सुरुमा दक्षिण अफ्रिकामा पत्ता लागेको थियो। प्रारम्भिक प्रमाणले यसको संक्रमण जोखिम धेरै रहेको देखाएका थिए।

उक्त भेरियन्ट पत्ता लागेको बारेमा तत्काले सार्वजनिक गरिएको भनेर विश्व स्वास्थ्य सङ्गठनका निर्देशक गेब्रिएससले दक्षिण अफ्रिकाको प्रशंसा पनि गर्नुभएको थियो।

उहाँको भनाइ थियो कि नयाँ भेरियन्ट पत्ता लागेको कुरा समयमै दक्षिण अफ्रिकाले खबर गर्‍यो, समयमै भन्यो, तर उसलाई सहयोग गर्ने, धन्यवाद दिने काम गर्नुको सट्टा उसैलाई दण्डित गरेर यात्रा प्रतिबन्ध लगाइएको छ, यो राम्रो भएन।

### भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या तीन करोड ४५ लाख ९६ हजार ७७६ पुग्यो

नयाँदिल्ली, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

भारतमा हिजो मङ्गलबार आठ हजार ९५४ जनामा कोरोना सङ्क्रमण देखापरेपछि कोरोनाको कूल सङ्क्रमितको सङ्ख्या तीन करोड ४५ लाख ९६ हजार ७७६ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ।

मङ्गलबार कोरोना सङ्क्रमणबाट २७६ जनाको मृत्यु भएपछि कूल मृतकको सङ्ख्या चार लाख ६९ हजार २४७ पुगेको छ। भारतमा अझै पनि ९९ हजार २३ जना सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ।

गएको २४ घण्टामा भारतमा १० हजार २०७ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४० लाख २८ हजार ५०६ जनालाई कोरोनाको सङ्क्रमण निको भएको छ।

### नाइजेरियामा पनि भेटियो ओमिक्रोन

अबुजा, १५ मङ्सिर (रासस/एएफपी)।

कोरोनाभाइरसको नयाँ भेरियन्टका रुपमा देखिएको ओमिक्रोन भाइरस नाइजेरियामा पनि भेटिएको छ।

अफ्रिकी देशमध्ये सबैभन्दा धेरै जनसङ्ख्या भएको मुलुक नाइजेरियामा बुधबार ओमिक्रोनबाट सङ्क्रमित पहिलो बिरामी भेटिएका हुन्।

दक्षिण अफ्रिकाबाट फर्किएका तीन यात्रुमध्ये एक जनामा ओमिक्रोनको सङ्क्रमण पुष्टि भएको अधिकारीले जनाएका छन्।

नाइजेरियाको रोग नियन्त्रण केन्द्रका प्रमुख आइफेडायो अडेटीफाले भन्नुभयो, "हामीले गरेको परीक्षणबाट नाइजेरियामा पहिलो ओमिक्रोन सङ्क्रमित भेटिएको छ।"

उहाँले ती सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएकाको खोजी गरी उनीहरुलाई आइसोलेसनमा राखेर परीक्षण समेत गर्न लागिएको जानकारी दिनुभयो।

"ओमिक्रोन विश्वभरीको चासो र सरोकारको विषय हो, त्यसैले पनि हामीले सतर्कता अपनाउनु र थप फैलिनबाट रोक्नुपर्दछ," उहाँले भन्नुभयो।

नाइजेरियामा कोरोनाभाइरसका कारण अहिलेसम्म दुई हजार ९७६ जनाको मृत्यु भएको र दुई लाख १४ हजार ११३ जना सङ्क्रमित भएको अधिकारीले जनाएका छन्।

कतिपयले भने सरकारी अधिकारीले दिएको विवरणभन्दा धेरैको मृत्यु भएको र त्योभन्दा धेरै सङ्क्रमित भएको दाबी गरेका छन्।

कोरोनाभाइरसको परीक्षण निकै कम मात्रै भएकाले पनि सङ्क्रमित भएका र मृत्यु भएकाको विवरण कम देखिएको उनीहरुको भनाइ छ।

# न्यूनतम ज्याला सम्बन्धि सम्वाद सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकामा बुधवार न्युनतम ज्याला विषयक सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा डाक्नेश्वरी नगरपालिकाको नगरसभा हलमा आयोजित कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका जनप्रतिनिधि, रोजगारदाता तथा हरवा चरवा मजदुरहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा हरवा चरवाका प्रतिनिधिहरुले अझै आफुहरुले उचित ज्याला पाउन नसकेको गुनासो गरेका छन् भने रोजगारदाताहरुले कृषिमा लगानी अनुरुपको प्रतिफल आउन नसकिरहेकाले मजदुरहरुलाई उचित ज्याला दिन नसकेको स्वीकारेका छन् ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सदस्य चतुरनारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिबनारायण साह, उपप्रमुख इन्दुकुमारी यादव, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का उपाध्यक्ष गायत्री पंडित, सचिव गणेश कुमार चौधरी लगायतले श्रम ऐन लागु भएपनि प्रभाबकारी कार्यान्वयन हुन नसकेकाले हरवा चरवा तथा श्रमिकहरुले अझै उचित ज्याला पाउन सक्ने अवस्था नरहेको बताए ।

कार्यक्रममा रोजगारदाताहरु सुर्यनारायण साह, सुरेश यादव, कामेश्वर यादव लगायतले खेती गर्न लगानी धेरै लाग्ने तर उत्पादन थोरै हुने गरेकाले चाहेरपनि कृषि मजदुरहरुलाई सरकारले निर्धारण गरे अनुसारको पारिश्रमिक दिन नसकिरहेको बताए ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता नरेश सदाद्वारा सञ्चालित कार्यक्रममा कार्यक्रम संयोजक शारदा चौधरीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए ।

# अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्नू : स्वास्थ्य मन्त्रालय

काठमाडौं, १५ मङ्सिर (रासस) । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न अपिल गरेको छ । कोभिड–१९ को ओमिक्रोन भेरियन्टको सङ्क्रमणलाई दृष्टिगत गर्दै अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न तथा सावधानी अपनाउन मन्त्रालयले अपिल गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नेपालमा सङ्क्रमण फैलिन नदिन अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार हालसम्म उक्त भेरियन्ट नेपालमा फेला परेको छैन । उहाँले ओमिक्रोन भेरियन्टको आवश्यक निगरानी तथा परीक्षणको दायरालाई फराकिलो पारिएको बताउनुभयो ।

“नयाँ देखिएको यो भेरियन्टलाई समयमै सावधानी अपनाई नेपालमा प्रवेश हुन नदिन र जनजीवनलाई सामान्य राख्न मन्त्रालय तथा सबै निकाय तीव्र रूपमा एक भएर काम गरिरहेको अवस्था छ”, उहाँले विज्ञप्ति जारी गर्दै भन्नुभएको छ ।

उहाँका अनुसार उक्त भेरियन्टले बढी सङ्क्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर पार्ने देखिएको छ । ओमिक्रोन सङ्क्रमण रोक्न सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डको पालना गर्न/गराउनसमेत मन्त्रालयले अनुरोध गरेको छ ।

केही दिनअघि मात्र अफ्रिकी मुलुकमा पहिचान गरिएको ओमिक्रोन भेरियन्ट (द्य.१.१.५२९) साउथ अफ्रिका तथा एसियाका केही मुलुकमा अहिले तीव्र विस्तार भइरहेको अवस्था छ । विश्व स्वास्थ्य सङ्गठनले यो नयाँ भेरियन्टलाई विश्वव्यापी भेरियन्ट अफ कन्सर्न भनी घोषणा गरेको छ ।

मन्त्रालयले कोभिड–१९ विरुद्धको खोपले कोभिड–१९ बाट बचाउन मद्दत गर्ने भएकाले आफूलाई पायक पर्ने ठाउँमा गई खोप लगाउन पनि अनुरोध गरेको छ ।

# हत्या गरिएको अवस्थामा महिलाको शव बरामद

जलेश्वर, १५ मङ्सिर (रासस) । महोत्तरीको लोहारपट्टी नगरपालिका–६ मा बुधबार बिहान हत्या गरिएको अवस्थामा एक महिलाको शव बरामद भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यका अनुसार स्थानीयवासी सुरेन्द्र मण्डलकी पत्नी ३५ वर्षीया रुबी मण्डलको हत्या गरिएको अवस्थामा शव निजको आफ्नै घरको बरण्डामा राखिएको अवस्थामा फेला परेको हो ।

टाउकाभरि घाऊ चोट रहेको, अनुहार र शरीरका अन्य भागमा पनि विभिन्न चोटपटक रहेको अवस्थामा महिलाको शव फेला परेको प्रहरी उपरीक्षक आचार्यले बताउनुभयो । पति सुरेन्द्र रोजगारीका क्रममा भारतको पञ्जाब बस्दै आएका र महिलाको हत्या पारिवारिक समस्याका कारण भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

# राजविराज जेसीजद्वारा प्लोगिङ्ग कार्यक्रम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
राजविराज जेसीजद्वारा संचालित जेसीज सप्ताह २०२१ अन्तर्गत दोस्रो दिन बुधवार प्लोगिङ्ग कार्यक्रम सम्पन्न गरेको छ ।

विहान ६ बजे राजविराज जेसीज भवनदेखि राज रङ्गशाला, जिल्ला प्रशासन कार्यालयहुँदै भगवती मन्दिरको प्राङ्गणसम्मको फोहोर प्लास्टिक बोतल सङ्कलन गरि राजविराज नगरपालिकाको सरसफाई गरि दललाई बुझाएको छ ।

राजविराज जेसीज वर्ष २०२१ का अध्यक्ष सिद्धार्थ तातेडले अध्यक्षतामा आयोजित कार्यक्रममा उज्ज्वल काबराले संयोजन गरेका थिए ।

अमेरिका, युरोपका शहरहरू लगायत विकसित मुलुकहरूमा विहानको समयमा जगिङ्ग गर्दा गर्दै वरपर रहेका फोहोर प्लास्टिक र प्लास्टिकजन्य वस्तु संकलन गरि व्यवस्थापन गर्नुलाई प्लोगिङ्ग भनिन्छ ।

# पाँच वर्ष कैद तोकिएका फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
अदालतबाट पाँच वर्ष कैद तोकिएका एक फरार प्रतिवादीलाई सप्तरी प्रहरीले बुधबार पक्राउ गरेको छ ।

साबिकको कल्याणपुर गाबिस वडा नं. ४ बस्ने ३५ वर्षिय मो. मिष्टर अंसारीलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई ज्यान मार्ने उद्योग मुद्दामा सप्तरी जिलला अदालतले २०७५ साल असार १० गतेको ५ बर्ष कैदको फैसला सुनाएको थियो ।

ईलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीबाट खटिएको प्रहरी टोलीले बुधबार गाउँ घरबाट पक्राउ गरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानका लागी कारागार कार्यालय सप्तरी चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जसपाको मधेस प्रदेश समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**
जनता समाजवादी पार्टी नेपालले प्रदेश २ समितिको पदाधिकारीहरुको नामावली बुधबार सार्वजनिक गरेको छ ।

पार्टी एकीकरण पश्चात् सांगठनिक संचरना अनुसार विभिन्न प्रदेश समितिहरु समायोजन गर्नु पर्ने अनुसार प्रदेश २ को समितिका पदाधिकारीको चयन गरि नामावली सार्वजनिक गरिएको हो ।

गठित समितिको अध्यक्षमा रामबाबु कुमार यादव, उपाध्यक्षहरुमा रामपृत पासवान, शम्भु झा, शेष नारायण यादव, बृजमोहन तिवारी, रामसेवक यादव, मुख्यसचिवमा दिनेश कुमार यादव, सचिवमा युसुफ अलि, निरा साह, शैलेष कुमार साह तथा कोषाध्यक्षमा रेणु यादवलाई चयन गरिएको छ ।

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना , अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*